

# हिमालयन डिष्टिलरी लिमिटेड

# १६औं वार्षिक प्रतिवेदन

# २०७२/०७३


Now in Nepal
In the year 1745
A large amount of gold was sent from Spain and France to fund the Scottish rebellion. The treasure was mysteriously lost mid-way and is believed to still be hidden in Scotland. Till date, nobody has ever found the royal treasure...
CRAFTED AND FILTERED AT THE HIMALAYAN DISTILLERY
ROYAL TREASURE
Premium
WHISKY
A BLEND OF IMPORTED SCOTCH MALTS AND SELECT GRAIN SPIRITS
Aged in Oak Casks
Original
DEEP&SMOOTH TASTE
1745
Royal Treasure Premium Whisky is a smooth, complex blend of golden Scottish malts and handpicked grain spirits from Nepal.
From the delicious smoky bouquet to the rich creamy body, this blended malt gives a taste of royalty from start to finish.
Your friends from Jawalakhel remind you to celebrate responsibly.

# संचालक समिति



श्रीमती मारग्रेट टि. जे. शाह
अध्यक्ष



श्री नरेन्द्र कुमार बस्न्यात्
संचालक



श्री राज बहादुर शाह
प्रबन्ध संचालक



श्री अखिलेश्वर प्रसाद सिंह
संचालक



श्री विनोद श्रेष्ठ
संचालक



श्री परिमल झा
संचालक
(सर्व साधारण शेयरधनी समुह)



श्री शंकर राज पाण्डे
संचालक
(सर्व साधारण शेयरधनी समुह)



श्री सान्टु श्रेष्ठ
संचालक
(सर्व साधारण शेयरधनी समुह)



श्री प्रकाशमणी घिमिरे
स्वतन्त्र संचालक

# हिमालयन डिष्टिलरी लिमिटेड
## लिपनी विर्ता गा. वि. स. ७, पर्सा, नेपाल
## फोन नं. ०५१–६२०२२३

आदरणीय शेयरधनी महानुभावहरु,

**विषय : १६ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।**

यस कम्पनीको मिति २०७३ साल कार्तिक २१ गते आईतवारका दिन वसेको संचालक समितीको बैठकको निर्णयानुसार कम्पनीको सोह्रौं वार्षिक साधारण सभा देहायको विषयहरुमा छलफल र निर्णय गर्नका लागि निम्न मिति, स्थान तथा समयमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गरिएको छ।

छलफलका विषयहरु :

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने अध्यक्षको प्रतिवेदनलाई पारित गर्ने।
२. कम्पनीको आ.ब.२०७२/०७३ को वासलात,नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने।
३. आ.व.२०७३/०७४ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट सिफारिस भई आएका जि.पि.राजबहाक एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्डस्लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने ( सिफारिस भएका जि.पि.राजबहाक एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्डस् पुनः नियुक्तीका लागि योग्य हुनु भएको)।
४. संचालक समितिले सिफारिस गरे अनुसार कम्पनीका शेयरधनीहरुलाई नगद लाभांसमा लाग्ने कर बाहेक प्रति शेयररु.२०।०० (वीस) का दरले नगद लाभांस वितरण गर्न स्विकृत गर्ने।
५. जे.जि.आई.डिष्ट्रिव्यूसन प्रा.लि. संगको सम्झौतालाई स्वीकृत गर्ने।
६. फुड एण्ड वेभरेज टेक्नोलोजि रिसर्च सेन्टर प्रा.लि. र उक्त कम्पनीका संचालक संगको कारोबारलाई स्वीकृत गर्ने।
७. जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि.संगको सम्झौतामा भएको संसोधनलाई स्वीकृत गर्ने।
८. संचालक समितिका अध्यक्ष तथा सदस्यहरुको वैठक भत्ता बृद्धि गर्ने।

विषेश प्रस्तावहरुः

९. आ.व.२०७३।०७४ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने।
१०. कम्पनीको नियमावलीको नियम ६ र नियम ६(क) लाई संसोधन गर्ने सम्बन्धि विषेश प्रस्ताव पारित गर्ने।
११. विविध।

मिति : २४,मंसिर २०७३ (तदनुसार शुक्रवार, ९ डिसेम्वर, सन् २०१६)
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, पर्सा।
समय : विहान ठिक १०:०० बजे।

## साधारण सभा सम्बन्धि जानकारी :

१. मिति २०७३/८/३ गते देखि २०७३/८/१० सम्म कम्पनीको शेयरवालाहरुको शेयरधनी दर्ता किताब पूर्ण बन्द गरिनेछ। नेपाल स्टक एक्चेन्ज लिमिटेडमा २०७३ मंसिर २ गते सम्म कारोवार भई २०७३ साल मंसिर १० गते भित्र यस कम्पनीका शेयर रजिष्ट्रार श्री नविल ईन्भेष्ट वैकिङ्ग लिमिटेडमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम भएका शेयरधनीहरुले कम्पनीको सोह्रौ वार्षिक साधारण सभामा भाग लिन र नगद लाभांस लिन पाउने छन।

२. कम्पनीको आ.व.२०७२/०७३ को वार्षिक प्रतिवेदनहरु, प्रोक्सी फाराम, प्रवेश–पत्र समेत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हुलाक मार्फत पठाउने व्यवस्था मिलाइएको छ। कारणवश कसैलाई प्राप्त नभएको भए कम्पनीको रजिष्टर्ड कार्यालय, विरगन्ज उप.म.न.पा. वार्ड नं. २४, लिपनि विर्ता पर्साबाट शेयरधनीको प्रमाण प्रस्तुत गरी उक्त प्रतिवेदनहरु प्राप्त गर्न सकिने छ।

३. साधारण सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले प्रवेश–पत्र वा शेयर प्रमाण पत्र साथै नेपाल सरकारबाट जारी भएको फोटो टासिएको कुनै प्रमाण अनिवार्य ल्याउनु हुन अनुरोध गरिन्छ।

४. सभा हुने दिन सभा शुरु हुनको लागि तोकिएको समय भन्दा पहिले उपस्थित भई दिनु हुन अनुरोध गरिन्छ।

५. उपस्थित पुस्तिका सभा हुने दिन विहान ७ बजे देखि विहानको १०:०० बजे सम्म खुला गरिनेछ। त्यस पछि पूर्ण रुपमा बन्द गरिने छ।

६. नावालक वा बिक्षिप्त शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि(प्रोक्सी) तोक्न सकिने छ।

७. प्रतिनिधि (प्रोक्सी)नियुक्त गर्ने व्यक्ति कम्पनी वा संगठित संस्था भएमा त्यस्तो नियुक्ती पत्रमा सो संस्था वा कम्पनीको छाप सहित अधिकृत व्यक्तिको दस्तखत भएको हुनु पर्नेछ। संस्थागत शेयरधनी बाहेक अरुले यसरी प्रतिनिधि(प्रोक्सी) नियुक्त गर्दा कम्पनीको अर्को शेयरधनिलाई मात्र गर्नु पर्नेछ।

८. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्दा सो नियुक्ति पत्र कम्पनीको साधारण सभा हुनु भन्दा ९६ घण्टा अगावै प्रतिनिधि पत्र(प्रोक्सी) फारम कम्पनी समक्ष दर्ता गरि सक्नु पर्नेछ। सभामा भाग लिन वा मतदान गर्न प्रतिनिधि दर्ता गरि सके पछि सो लाई बदर गरि अर्को प्रतिनिधि पत्र (प्रोक्सी) दिन चाहेमा सो को सूचना ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गर्नु पर्नेछ। प्रतिनिधि मुकरर गर्दा केहि शेयर आफै संग बाकी राखि प्रतिनिधि मुकरर गर्न पाईने छैन। सम्पुर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्नेछ। प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सि) स्वतः रद्द हुनेछ।

९. सभा सम्वन्धि जानकारी लिनु परेमा कम्पनीको रजिष्ट्र्ड कार्यालयमा सम्पर्क गरी आवश्यक जानकारी लिन सकिने छ।

१०. बिविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा सात दिन अगावै छलफलको बिषय खोलि कम्पनी सचिव मार्फत लिखित रुपमा संचालक समितिको अध्यक्षलाई जानकारी दिनु पर्नेछ।

११. सभामा आफ्नो मन्तब्य वा जिज्ञासा ब्यक्त गर्न चाहनु हुने शेयरधनी महानुभावले सभाध्यक्षले तोकेको समयमा एक एक गरि पालो पालो मन्तब्य वा जिज्ञासा ब्यक्त गरि दिनु भई सहयोग गरि दिनु हुन अनुरोध छ।

१२. शेयरधनीले ब्यक्त गरेको मन्तब्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिका तर्फबाट/संचालक समितिको निर्देशनमा कम्पनी व्यवस्थापनबाट सामुहिक रुपले उत्तर दिईनेछ।

आज्ञाले,
कम्पनी सचिव

श्री संचालक समिति,
हिमालयन डिष्टिलरी लिमिटेड ।
बिषय : प्रतिनिधि नियुक्त गरेको बारे ।
महाशय,

............................... जिल्ला ..................................... न. पा. /गा.वि.स. वडा नं ........ बस्ने म/हामी ...........................................................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले २०७३ साल मंसिर २४ गते शुक्रवारवारका दिन हुने सोह्रौं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुननसक्ने भएकोले मेरो तर्फबाट उक्त सभामा भाग लिई उल्लेखित कार्य गर्नका लागि .........................जिल्ला ................................. न.पा./गा.वि.स .........................वडा नं .........बस्ने त्यस कम्पनीका शेयरवाला श्री ...........................................शेयर प्रमाण पत्र नं.......................लाई मेरो /हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको
हस्ताक्षरको नमूना :

निवेदक,
हस्ताक्षर :
नाम:
ठेगाना :
शेयर प्रमाण पत्र नं. :
कि.नं..................देखि ................सम्म ।
मिति :

नोट : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ९६ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयविरगन्ज उप.म.न.पा. वार्ड नं. २४, लिपनि विर्ता पर्सामा पेश गरि सक्नु पर्नेछ । एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिने छ ।

(कृपया यहाँ काट्नु होला)

**हिमालयन डिष्टिलरी लिमिटेडको सोह्रौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको**

## प्रवेश–पत्र

शेयरधनीको नाम ..............................................................................
शेयरधनीको सही .................................... प्र.प.न. ..............शेयर संख्या नं .................देखि ............... सम्म जम्मा .......................थान ।

हिमालयन डिष्टिलरी लि. को मिति २०७३/८/२४ गते शुक्रवारका दिन हुने सोह्रौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश–पत्र ।

.........................
(कम्पनी सचिव)

द्रष्टव्य : शेयरवाला आफैंले खाली कोष्ट भर्नुहोला ।
(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश–पत्र अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ)

# हिमालयन डिष्टिलरी लिमिटेडको

### सोह्रौं वार्षिक साधारण सभामा

## संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षको प्रतिवेदन

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस हिमालयन डिष्टिलरी लिमिटेडको सोह्रौं बार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई संचालक समितीको तर्फबाट र स्वयं मेरो तर्फबाट हार्दिक स्वागत गर्दछु । यस अवसरमा म २०७३ साल अषाढ मसान्त सम्मको कम्पनीको वासलात, आर्थिक वर्ष २०७२।०७३ को नाफा नोक्सान हिसाव,नगद प्रवाह विवरण तथा अन्य सम्पूर्ण वित्तीय विवरणहरु सभाको स्विकृतका लागि प्रस्तुत गर्दछु ।साथै यस सभामा पेश भएका प्रस्तावहरु उपर यहांहरु बाट गहन छलफल भई प्रस्तुत प्रस्तावहरु स्वीकृत हुने छन भन्ने विश्वास लिएको छु । म, संचालक समितिको तर्फबाट कम्पनीबाट गत वर्ष सम्पादन भएका मुख्य मुख्य कार्यहरुको समिक्षा तथा भावी कार्यक्रमहरु यहांहरु समक्षँ प्रस्तुत गर्दछु ।

### १. आर्थिक वर्ष २०७२/०७३ को कारोबारको सिंहावलोकन :

आर्थिक वर्ष २०७२/०७३ मा कम्पनीले गरेको कारोबारको संक्षिप्त बिवरण निम्नानुसार रहेको छ ।

| विवरण | आ.ब. २०७२/७३ को अनुमानित (Projected) स्विकृत वार्षिक बजेट | आ.ब.२०७२/७३ को बास्तविक नाफा नोक्सान विवरण |
|---|---|---|
| विक्री | रु.१,५५,६३,९५,०००।०० | रु.१,६५,४९,७७,२४३।०० |
| कुल संचालन खर्च | रु.१,०२,८१,९२,०००।०० | रु.८८,६७,३५,१३१।०० |
| व्याज तथा ह्रास कट्टी/अपलेखन पूर्वको नाफा | रु.१९,४२,२९,०००।०० | रु.४१,५०,८८,९३०।०० |
| व्याज पुर्वको नाफा | रु.१५,२०,८८,०००।०० | रु.३७,३५,६९,७९८।०० |
| आयकर व्यवस्था पुर्वको नाफा | रु.१३,४२,९३,०००।०० | रु.३६,१०,१६,८४५।०० |
| आयकर पछिको नाफा | रु.८,३२,१७,०००।०० | रु.२४,२२,५८,१६०।०० |

कम्पनीमा काम गर्ने कामदार, कर्मचारी तथा कम्पनी व्यवस्थापनको अथक प्रयास, कडा मेहनत एवं कुशल व्यवस्थापन तथा बिषेश गरि यस बर्षको रोयल्टि खर्च निकै कम भएका कारण आर्थिक बर्ष २०७२/७३ मा कम्पनीले लक्षीत गरे भन्दा पनि बढि रु.२४,२२,५८,१६०/–(अक्षरुपी चौविस करोड वाईस लाख अन्ठाउन्न हजार एक सय साठी)खुद मुनाफा आर्जन गर्न सफल भएका छौं ।

### २. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्थितिबाट कम्पनीको कारोबारलाई परेको असरः

(क) यस आर्थिक वर्षको शुरु देखि नै अघोषित नाकाबन्दी, अनिश्चितकालीन तराई बन्दको कारणले लामो समय सम्म कारखाना बन्द भएकाले यस बाट कम्पनीलाई असर परेको थियो ।

(ख) अघोषित नाकाबन्दी, अनिश्चितकालीन तराई बन्दको कारणले कम्पनीले मदिराको मुख्य कच्चा पदार्थको रुपमा प्रयोग हुने स्प्रिट बजारको माग अनुसार उत्पादन गर्न नसकेको हुदा गत बर्षको कारोबारमा असर पर्न गएको छ। आन्तरीक उत्पादनमा कमि भएका कारण आयात बृद्धि हुन पुगेकाले आयातित स्प्रीट स्वदेशी बजारमा स्थापित हुने अवसर पाएको हुदा यसबाट स्वदेशि उत्पादनको बजारमा दिर्घकालिन रुपमा दुरगामी असर पर्न जाने देखिएको छ ।

(ग) उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ एवं प्याकेजिङ्ग मेटेरियलहरु जस्तै भ्याटेड माल्ट स्प्रीट, बोतल, लेवल, बिर्को, कार्टुन, मोनो कार्टुन, कनिका जस्ता वस्तुहरु विदेशबाट आयात गर्नु पर्ने तर प्रस्तुत आ.ब. मा भएको नाकाबन्दी एवं तराई बन्दले गर्दा ट्रान्जिट प्वाईट, भंसार विन्दु तथा बाटोमा नै त्यस्ता बस्तुहरु लामो समय सम्म रहन गएकाले

डिटेन्सन/डिमरेज तिर्नु परेकोले लागत खर्च बढन गएको थियो । यसै गरि यथासम्भव छिटो सामान ल्याउने प्रयास स्वरुप बाटोमा अड्किएका यी वस्तुहरु Re-route गरी आयात गर्नु परेकाले यसबाट समेत थप लागत बढन पुगेको थियो ।

(घ) नेपालमा विदेशी मदिराहरुको आयात भारी मात्रामा बढदै गएका कारण विगत वर्षहरु देखी कम्पनीको कारोबारमा प्रत्यक्ष असर परेकोछ । यसको प्रत्यक्ष असर कम्पनीको बिक्रि, राष्ट्रिय राजश्व असुली, रोजगारीको अवसर लगायतको उद्योगको आर्थिक क्षेत्रमा नकारात्मक असर परेको र भविश्यमा समेत पर्ने देखिन्छ ।

(ङ) मदिरा बिक्री वितरण एवं उपभोगको मूख्य स्थान मानिएका होटल, रेष्टुरेण्ट, बार आदीमा उपभोक्ताहरुको उपस्थित भए पनि नेपाल प्रहरीले चलाएको मा.पा.से.कार्यक्रमको प्रभावले मदिरा जन्य बस्तुहरुको उपभोगमा कमी हुन गएवाट कारोवारमा असर परेको छ ।

(छ) यस कम्पनीले सम्बन्द्ध निकायहरुमा बारम्बार लिखित उजुरी दिदा दिदै पनि यस कम्पनीबाट उत्पादीत मदिरा जस्तै देखिने समान किसिमका लेबुल प्रयोग गरि उपभोक्ता झुक्किने किसिमले बजारमा कतिपय उद्योगहरुले मदिरा ल्याएकाले हाम्रो बिक्रि वितरण बृद्धिमा प्रतिकुल प्रभाव परेका छ ।

(ज) यस कम्पनीले विगत डेढ दशक देखि Marketing and Technical Assistance Agreement अन्तर्गत **Royal Stag** र **Blenders Pride** नामक मदिराहरु उत्पादन तथा बिक्रि वितरण गरि रहेकोमा ट्रेडमार्क धनी कम्पनीबाट यी मदिराहरु उत्पादनका लागी आवश्यक मुख्य कच्चा पदार्थ Vatted Malt Spirit र अन्य प्याकेजिङ्ग मेटेरियल्सहरु आपुर्ति नगरिदिएकाले चालु आर्थिक बर्षको सुरु देखि यी ब्राण्डका मदिराहरु उत्पादन हुन सकिरहेका छैनन् । यसबाट कम्पनीको कारोवारमा असर पर्ने देखिएको छ ।

## ३. प्रतिवेदनको मिति सम्म चालु वर्षको उपलब्धी र भविष्यको सम्बन्धमा संचालक समितिको धारणा:

(क) आर्थिक बर्ष २०७२/७३ को प्रथम तीन महिनाको तुलनामा आर्थिक बर्ष २०७३/७४ को बिक्रि वितरणमा बृद्धी भएको छ । जस सम्बन्धि बिवरण तपसिलमा उल्लेखित छ ।

| महिना | आ.ब. २०७२/७३ | आ.ब. २०७३/७४ |
|---|---|---|
| श्रावण देखि आश्विन मसान्त सम्म | रु. ८०,५००।०० | रु.२१,२४,८७,०६९।७८ |

गत वर्ष यस अबधिमा कम्पनीको कारोवार अत्यधिक कम हुनुको कारण वर्षको शुरु देखि नै भएको अघोषित नाकाबन्दी र तराई बन्दका कारण उत्पादन तथा बिक्रि वितरण प्रभावित हुन गएको हो ।

(ख) कम्पनीको समग्र आर्थिक, व्यवसायिक, व्यवस्थापन उत्पादन प्रविधिमा स्तरोन्नोत्ति गरी गत वर्षको वार्षिक साधारण सभाबाट स्विकृत भए बमोजिम गत वर्ष देखि नै उत्पादकत्व अभिवृद्धि गर्ने हेतुले कम्पनीको व्यवस्थापन अत्याधुनिक तरिकाबाट संचालन गर्न गराउन जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि.संग व्यवस्थापन सम्झौता सम्पन्न भई कार्यान्वयन भई रहेको छ । यसबाट कम्पनीले गर्ने आम्दानीमा सकारात्मक प्रभाव पर्नुका साथै खर्चमा समेत केहि किफायत हुन गएको छ । प्रस्तुत सम्झौतामा केहि संसोधन गरिएकाले सो को स्वीकृतीका लागी यसै साधारण सभामा पेश गरेका छौ ।

(ग) कम्पनीमा कार्यरत कर्मचारीहरुको त्रैमासिक, अर्ध बार्षिक र वार्षिक रुपमा कार्य संम्पादन मुल्याङ्कनगर्ने कार्यलाई निरन्तरता दिएका छौं । यसलाई अझ वढि प्रभावकारी बनाउन HR Appraisal Software जडान कार्य आरम्भ गरेका छौं ।

(घ) कम्पनीको व्यवस्थापन प्रणाली, वातावरण, उत्पादन प्रकृया, कर्मचारी तथा उपभोक्ताहरुको जन स्वास्थ प्रति निरन्तर रुपमा सजग रहदै यसलाई अझ बढी प्रभावकारी रुपमा सम्पादन गर्दै जाने क्रममा बिभिन्न किसिमका अन्तराष्ट्रिय गुणस्तर प्रमाणीरणका कार्यहरु गरि रहेका छौ । यसबाट कम्पनीको Effecency मा बृद्धि हुने एवं जनमानसमा कम्पनी प्रतिको विश्वास बढने अपेक्षा गरिएको छ ।

(ङ) उपभोक्ताहरु संग प्रतक्ष्य सम्वन्ध स्थापित गरी राय सुझाव संकलन गर्ने अभिप्रायले स्थापना भएको सर्वेक्षण

विभाग CCD (Customer Care Department) लाई अझ व्यापक र विस्तृत रुपमा अगाडि बढाउने गरी कार्य गरि रहेका छौं । जसबाट कम्पनीका उत्पादनहरु प्रति उपभोक्ताको सकारात्मक धाराणा अभिवृद्धि भै विश्वासनीयता अझ बढने विश्वास लिएका छौ ।

(च) अनुत्पादक तथा प्रतिफल प्राप्त नहुने क्षेत्रमा गरिने खर्चहरु यकिन गरि उल्लेखित खर्चहरुलाई कटौति गर्दै लगेको र सो कार्यलाई तदारुक्ताका साथ पहिचान गरी निरन्तरता दिने र यस्तो कार्यबाट कम्पनीका लगानीकर्ताहरुलाई अझ लाभ दिलाउने कार्य गर्ने लक्ष्यका साथ साथै कम्पनीका दीर्घकालिन प्रतिफल दिने क्षेत्रमा लगानीलाई बढाउदै लैजाने लक्ष्यका साथ कार्य गरि रहेका छौं ।

(छ) स्प्रिट प्लाण्ट, टर्वाईन, हस्क व्योइलर, ग्रेन हयाण्डलिङ्ग युनिट आदि साथै कम्पनीले जडान तथा संचालन गर्ने भनी कार्य गरि रहेको डि.डि.जि.यस./पावर जेनेरेशनको सम्भाव्यता अध्ययनका लागी विदेशी परामर्शदाताबाट प्राविधिक अध्ययन गराई प्राप्त राय सुझावलाई आर्थिक रुपमा सम्भव भए सम्म कार्यान्वयन गर्दै जाने नीति लिएका छौ ।

(ज) विगतमा जस्तै कारखानामा काम गर्ने कामदार र कर्मचारीहरुको कार्य कुशलता र कार्यगत एकता कायम गर्नका लागि आवश्यक्तानुसार तालिम, सेमिनार, भेला, बनभोज जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै आएका छौं । यस्ता कार्यबाट कम्पनी व्यवस्थापन र कामदार कर्मचारी वीच कार्यगत एकता भै कम्पनीको दैनिक कार्यमा सहजता हुनका साथ साथै उत्पादकत्वमा समेत बृद्धि हुने अपेक्षा गरेका छौं ।

(झ) बजारको माग र उपभोक्ताको चाहाना अनुरुपका ब्राण्डहरु ल्याउदै जाने नीति अनुरुप जावलाखेल ग्रुप अफ ईन्डष्ट्रिज प्रा.लि.को सहयोगमा Royal Treasure नामक २५ यु.पि. शक्तिको मदिरा चालु बर्षको आश्विन देखि बजारमा ल्याएका छौ । बजारको माग अनुसार अन्य ब्राण्डका मदिराहरु समेत बजारमा ल्याउने लक्ष्यका साथ कार्य गरि रहेका छौ ।

(ञ) जे.जि.आई.डिष्ट्रिव्यूसन प्रा.लि.ले अन्य स्थापित ब्राण्डहरु बिक्रि वितरण गरि रहेको र हाम्रा ब्राण्डहरुलाई पनि ती स्थापित बस्तु संग संगै बजारमा लैजादा तुलनात्मक रुपमा सजिलै संग बजारमा स्थापित गराउन सम्भव हुने हुदा यसका लागी र थप प्रभावकारी आर्थिक श्रोतको परिचालन गर्न, प्रभावकारी बजार व्यवस्थापन र बढ्दो बिक्री लक्ष्य पुरा गर्नका लागि कम्पनीले नेशनल डिष्ट्रिव्यूर्टसका रुपमा जे.जि.आई.डिष्ट्रिव्यूसन प्रा.लि. संग सम्झौता गरि कार्य गरि रहेको साथै सो सम्झौतालाई स्वीकृतीका लागी यसै साधारण सभामा पेश गरेका छौं ।

## ४. औद्योगिक र व्यवसायीक सम्वन्धमा:

(क) कम्पनीको आर्थिक अवस्थामा सुधारात्मक लक्ष्यणहरु देखा परेकाले वैंक तथा वित्तीय संस्थाहरु संगको सम्वन्ध सुदृढ भएको छ ।

(ख) नयां नयां ब्राण्डहरुको उत्पादन गरी बजारमा ल्याएका कारण बिभिन्न तहका बिक्रेताहरुले पर्याप्त व्यपार को अवसर पाएकाले यसबाट नेशनल डिष्ट्रिव्यूर्टस,डिष्ट्रिव्यूटर्स, होलसेलर्सर रिटेलर्स संगको व्यवसायिक सम्वन्ध अझ सुदृढ र शसक्त हुदै गई रहेको छ ।

(ग) कम्पनीका लागि आवश्यक कच्चा पदार्थ तथा प्याकेजिङ्ग म्याटेरियल्सहरु सप्लाईमा व्यवधान नआओस् भन्नका लागि विगतको तुलनामा अझ वैकल्पीक सप्लायर्सहरुको पहिचान गर्ने कार्य गरि रहेका छौं । यस्तो कार्यले कम्पनीको सप्लाईमा कुनै अवरोध नहुनका साथ साथै प्रतिष्पर्धी दर रेट प्राप्त हुने विश्वास लिएका छौं ।

(घ) वातावरण प्रदुषण प्रतिको कानुनी एवं सामाजिक दायित्वलाई पूर्ववत: पालना गर्दै जानु पर्ने आवश्यक्तालाई मध्यनजर गरी ETP मा Geomembrance Replace गर्ने कार्य सम्पन्न गरेका छौं । साथै खेर गएका वस्तुलाई समेत पुन: प्रशोधन गरी त्यसबाट आर्थिक लाभ लिन सकियोस् भन्नका लागि Decanter जडान गरी Wet Cake उत्पादन गरी त्यसलाई विक्री वितरण गरि रहेका छौं । विकल्पको रुपमा डिष्टिलेशनबाट निश्कने Effluentबाट उर्जा उत्पादन गरि सो बाट बाकि रहने तरल बस्तुलाई आफ्नै जग्गामा व्यवस्थापन गर्ने सम्बन्धमा अध्ययन

भइरहेको छ । यसका लागी धेरैजग्गाको आवश्यकता पर्ने हुदा सो को प्रबन्ध गरि सकेका छौ । यसबाट Cross Boarder Contamination को सम्भावना नरही वातावरण संरक्षणमा सहयोग पुग्ने स्थानिय जनता संगको सम्बन्धमा समेत सुधार हुने विश्वास लिएका छौ ।

(ङ) साविक वर्षहरुमा जस्तै कम्पनीले यस वर्ष पनि वातावरण तथा समाज प्रतिको उत्तरदायित्वलाई प्राथमिकतामा राखेको छ । यसका लागि कम्पनीले नेपाल सरकारका स्थानीय निकायहरु, स्थानीय क्लवहरु, सामाजिक संस्था, खेलकुद सम्बन्धि क्षेत्रहरु तथा धार्मिक संस्थाहरु साथ साथै राजनैतिक दलहरुसंग समन्वय गरी प्रभावकारी रुपमा कार्य गर्दै आएका छौ ।

## ५. संचालक समितिमा भएको हेरफेर र त्यसको कारण:

यस अवधिमा संचालक समितिमा कुनै हेरफेर भएको छैन ।

## ६. कारोवारलाई असर पार्ने मुख्य कुराहरु:

(क) विभिन्न ब्राण्डका विदेशी मदिरा तथा स्प्रिटको आयात बढ्दै जानु ।

(ख) उपभोक्ताहरुलाई झुक्याउने उद्धेश्यले कम्पनीका ब्राण्डहरु जस्तै देखिने किसिमका उत्पादनहरु बजारमा आउनु

(ग) मदिराजन्य वस्तुको होडिङ्गवोर्ड मार्फत प्रचार प्रसारमा रोक लगाउने क्रम बढदै जानु ।

(घ) अधिकांश कच्चा पदार्थहरु भारतबाट आउने गरेको तर लामो समय सम्म अघोषित नाकाबन्दी हुन एवं तराई बन्द हुनु ।

(ङ) कारखाना संचालनमा आवश्यक पर्ने विद्युत सप्लाईमा कमी हुनु ।

(च) भारत विहारको बाटो भएर कच्चा पदार्थ तथा प्याकेजिङ्ग मेटेरियल्सहरुको आयातमा कठिनाई भएकाले यस्ता बस्तुहरुआयात गर्दा लागत खर्च बढनु ।

(छ) अवैध मदिरा नियन्त्रण प्रभावकारी रुपमा हुन नसक्दा बजारमा अस्वस्थ्य प्रतिष्पर्धा बढ्दै जानु ।

(ज) विदेशी आयात बृद्धि तथा नयां मदिरा उद्योगको संख्या वढ्दै जानु ।

## ७. लेखा परीक्षण प्रतिवेदनमा कुनै कैफियत भए सो मा प्रतिकृया :–

लेखा परीक्षणमा कुनै कैफियत नरहेकाले कुनै पनि प्रतिकृया नभएको ब्यहोरा अनुरोध छ ।

## ८. नगद लाभांस बाडँफाड गर्न सिफारिस गरिएको प्रतिशत :–

कम्पनीले यस वर्ष आर्जन गरेको खुद मुनाफाबाट लाभांस भुक्तानीमा लाग्ने कर बाहेक प्रति शेयर रु.२० (बिस) का दरले नगद लाभांस शेयरधनीहरुलाई वितरण गर्ने सिफारिस गरेका छौं । संचालक समीतिको लाभांस वितरणको प्रस्तुत सिफारिसलाई स्वीकृतीका लागी अनुरोध गर्दछु । लाभांस वितरण गरि बाकि रहने मुनाफा रकमलाई कम्पनीका प्रस्तुत योजनाहरु कार्यान्वयन गर्न प्रयोग गर्ने उदेश्य राखेका छौ ।

अन्त्यमा सदा झै शेयरधनी महानुभावहरुबाट कम्पनीलाई सहयोग प्राप्त भैरहने आशा एवं विश्वास ब्यक्त गर्दै कम्पनीलाई सहयोग पुऱ्याउनु हुने नेपाल सरकारका विभिन्न निकाय, कर्मचारीहरु, कम्पनीका कामदार कर्मचारीहरु, सप्लायर्सहरु, वितरकहरु, उपभोक्ताहरु, शेयरधनिहरु र शुभ चिन्तक लगायतका सम्पूर्ण महानुभावहरुलाई संचालक समिति तथा मेरो आफ्नै तर्फबाट हार्दिक कृतज्ञता एवं धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

संचालक समितिको तर्फबाट
श्रीमती मारग्रेट टि.जे.शाह
अध्यक्ष

## कम्पनी ऐन २०६३ को दफा १०९ को उप दफा ४ अनुसारको अतिरिक्त बिवरण :
## (आर्थिक बर्ष २०७२/७३)

१. **शेयर जफत सम्बन्धि बिवरण** : यस आर्थिक बर्षमा कुनै पनि शेयरहरु जफत गरिएको छैन ।

२. **कम्पनी र सहायक कम्पनी बिचको कारोबार** : यस कम्पनीको कुनै सहायक कम्पनीहरु नभएको साथै कारोवार समेत भएको छैन ।

३. **कम्पनीका आधारभुत शेयरधनिहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी** : यस्तो कुनै जानकारी यस प्रतिवेदनको अवधि सम्म प्राप्त भएको छैन ।

४. **गत आर्थिक बर्षमा कम्पनीका संचालक र पदाधिकारीहरुले लिएको शेयर स्वामित्वको बिवरण** :प्रस्तुत अवधिमा कुनै पनि कम्पनीका संचालक वा पदाधिकारीले कम्पनीको शेयरको स्वमित्व लिएको जानकारी कम्पनीमा प्राप्त भएको छैन ।

५. **कम्पनी संग सम्बन्धित सम्भौताहरुमा कुनै संचालक वा निजको नजिकको नातेदारको व्यक्तीगत स्वार्थ बारे उपलब्ध गराईएको जानकारीको व्यहोरा** :चालु आ.ब.मा जे.जि.आई.डिष्ट्रिव्यूसन प्रा.लि.संग भएको सम्भौता, फुड एण्ड वेभरेज टेक्नोलोजि रिसर्च सेन्टर प्रा.लि.र उक्त कम्पनीका संचालकसंग भएको कारोबार तथा जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि.संगको सम्भौतामा भएको संसोधनलाई यसै वार्षिक साधारण सभामा स्विकृतका लागि पेश गरिएको छ ।

६. **बाई ब्याक गरिएका शेयरको बिवरण** :कम्पनीले आफ्ना शेयरहरु आफैले वाई ब्याक गरेको छैन ।

७. **आन्तरीक नियन्त्रण व्यवस्था** : कम्पनीको आन्तरीक नियन्त्रण व्यवस्था प्रभावकारी रहेको छ । आन्तरीक नियन्त्रण व्यवस्थामा अबलम्बन गरिएका मुख्य प्रकृयाहरु निम्नानुसार रहेका छन ।

क. मजबुत आन्तरीक लेखा परीक्षण, निरिक्षण र नियन्त्रण प्रणाली अपनाईएको छ ।

ख. कम्पनीको आन्तरीक लेखा परीक्षक नियुक्ती गरी लेखा परीक्षण गर्ने कार्य त्रैमासिक रुपमा नियमित भई रहेको निजहरुले दिएको प्रतिवेनदलाई लेखा समिती तथा संचालक समितिमा पेश गरि छलफल गरिने र प्राप्त निर्देशन बमोजिम कार्य गरि रहेकाछौं ।

ग. वार्षिक लक्ष्यलाई प्राथमिकता साथ हेरी सो अनुसार कार्य भए नभएको सम्वन्धमातुलनात्मक अध्यन गर्ने गरिएको छ ।

घ. उत्पादन तथा बिक्रि वितरणमा प्रत्यक्ष नियन्त्रण तथा अनुगमनका लागी नेपाल सरकार, आन्तरीक राजश्व कार्यालयबाट पुर्णकालिन कर्मचारी खटाई प्रत्यक्ष नियन्त्रण एवं अनुगमन गर्ने गरिएकोछ ।

ङ. कामदार तथा कर्मचारीको हितका लागि भैपरि आउने दुर्घटनाबाट कसरी बच्ने, बचाउने सम्वन्धि तालिम, काम गर्दा अपनाउनु पर्ने सावधानीहरु आदीका विषयमा प्रयोगात्मक एवं शैद्धान्तिक तालिमहरु, कामदार तथा कर्मचारीहरुको स्वस्थ प्रत्यक्ष असर नपरोस् भन्नका लागि आवश्यक स्वस्थ्य सम्वन्धि सामाग्रीहरुको वितरण जस्ता कम्पनीका गतिविधिहरुले कार्यगत एकता एवं वातावरण मैत्री बनाउनेमा सहयोग पुगेको महसुस गरिएको छ । साप्ताहिक रुपमा कारखाना व्यवस्थापन र कम्पनी व्यवस्थापन बीच वैठक राखी भए गरेका कार्यको विवरण, कम्पनीले लक्ष्य हासिल गर्नका लागि उपयुक्त वैकल्पीक उपायको अवलम्वन, देखिएका समस्याहरुको निराकरणको लागि कारखाना र सम्पर्क कार्यालय बीच नियमित छलफल एवं प्रतक्ष्य सम्पर्कबाट गतिविधी बुझ्न सजिलो भएकोछ ।

च. कम्पनीले सामाजिक उत्तरदायित्व बहन गर्नका लागि विभिन्न क्लव, शैक्षिक संस्था, धार्मिक संस्था जस्ता संस्था संग समन्वयन गरी यथासंम्भव सहयोग गरि रहेका छौं ।

८. **समिक्षा बर्षमा भएको कुल व्यवस्थापन खर्च** :

| बिवरण | रुपैया |
|---|---|
| कर्मचारी | रु.२,८९,१५,१५६।०० |
| कार्यालय संचालन खर्च | रु.८,११,६५,५३३।०० |
| जम्मा व्यवस्थापन खर्च | रु.११,००,८०,६८९।०० |

९. **लेखा परीक्षण समितिको सदस्यहरुको नामावली, पारश्रमिक भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहिको बिवरण र समितिले दिएको सुझावको विवरण :**

क. लेखा परीक्षण समितिका सदस्यहरुको नामावली : लेखा परीक्षण समितीमा निम्नानुसारका सदस्यहरु रहनु भएको छ ।

१. श्री अखिलेश्वर प्रसाद सिंह
२. श्री सान्टु श्रेष्ठ
३. श्री शंकर राज पाण्डे
४. श्री नरेन्द्र कुमार बस्न्यात्
५. श्री प्रकाशमणी घिमिरे

ख. लेखा समितिको सदस्यहरुलाई रु.५०००/- (कर सहित) बैठक भत्ताको व्यवस्था गरिएको छ ।

ग. समितिले गरेको काम कारवाहिको बिवरण :

(१) प्रत्येक त्रैमासिक अबधिको कम्पनीको आर्थिक प्रगति विवरण, आन्तरिक लेखा परीक्षकबाट लेखा परीक्षण गराई निजले दिएको लेखा प्रतिवेदनमा जनाएका कैफियत अनुसार समिक्षा गर्ने र सो अनुसार कम्पनी व्यवस्थापनलाई सुधार गर्न गराउन निर्देशन दिने गरेको ।

(२) कम्पनीको आर्थिक अवस्था र अन्य अवस्थाहरुको जानकारी र सुधार गर्ने उद्धेश्यले त्रैमासिक रुपमा नियमित आन्तरीक लेखा परीक्षण कार्य गर्न निर्देशन दिएको ।

(३) कम्पनीको लेखा समितिको सिफारिस अनुसार आन्तरीक लेखा परीक्षक नियुक्ती गरिएको ।

(४) लेखा परीक्षक नियुक्तिका लागी सिफारीस गर्ने लगायत कम्पनीको लेखा सम्बन्धि बिषयमा राय सल्लाह र सुझावहरु लेखा समितिले दिने गरेको ।

(५) कम्पनीको अलेखापरीक्षित वासलात, नाफा नोक्सान हिसाव, वास्तविक नाफा नोक्सानको तुलनात्मक हिसाव, वास्तविक खर्चहरुको बिवरण, बिक्रि परिमाण र मुल्य, लक्ष्य र विक्रिको तुलनात्मक विवरण सहितको बिवरणहरु माग गरी समिक्षा गर्ने कार्य गरेको ।

(६) कम्पनीको वार्षिक विक्री लक्ष्य, आम्दानी तथा खर्च आदिको समिक्षा गरी कम्पनी व्यवस्थापनलाई आवश्यक सुधारका लागि निर्देशन दिने गरेको ।

(७) कम्पनीको वार्षिक अनुमानित बजेट स्विकृतको लागि संचालक समितिमा सिफारिस गर्ने गरेको ।

१०. **संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख, अधारभुत शेयरधनी र निजका नजिकका नातेदार तथा संलग्न फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाकि भए सो कुरा :**

| | |
|---|---|
| **एशियन डिष्टिलरी प्रा.लि.** | **रु.२,०३,४०,०००।००** |
| **विजय डिष्टिलरी प्रा.लि.** | **रु.९,०१,७०,७५७।८०** |
| **जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि.** | **रु.२२,७५४,२१६।००** |

११. **संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

| कर्मचारीहरुको बिवरण | आ.ब. २०७२/७३ |
|---|---|
| राज बहादुर शाह (प्रवन्ध संचालक) | रु.३४,४२,३४४।०० |
| कर्मचारी व्यवस्थापन बापत भएको खर्च | रु.८५,६४,७२९।०० |
| **जम्मा खर्च** | **रु.१,२०,०७,०७३।००** |

१२. **शेयरधनीहरुले बुझि लिन बाकि रहेको लाभांशको रकम** : गत वर्षमा शेयरधनीहरुलाई वितरण गर्ने निर्णय भएको लाभांस रु.३१,५१,४९७/४०-(अक्षरुपी एकतीस लाख एकाउन्न हजार चार सय सन्तानब्बे पैसा चालिसमात्र) बुझि लिन बाकीं देखिएको छ ।

# हिमालयन डिष्टिलरी लिमिटेडको

**शेयरधनी महानुभावहरु समक्ष**

## स्वतन्त्र लेखापरीक्षकको प्रतिबेदन

### १. वित्तीय विवरण माथिको प्रतिवेदन

हामीले हिमालयन डिष्टिलरी लिमिटेडको यसै साथ संलग्न आषाढ ३१, २०७३ (जुलाई १५, २०१६) को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण (वित्तीय विवरणहरू) को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

### २. वित्तीय विवरण प्रति ब्यवस्थापनको उत्तरदायित्व

वित्तीय विवरणहरू प्रतिको उत्तरदायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ । ती वित्तीय विवरणहरू उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

### ३. लेखापरिक्षकको उत्तरदायित्व

नेपाल लेखापरीक्षण मान तथा प्रासंङ्गिक प्रचलनको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती लेखापरीक्षण मान तथा प्रासंङ्गिक प्रचलन अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छडके परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । कम्पनीले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

### ४. मन्तब्य

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले सोही साथ संलग्न लेखा निति तथा लेखासंग सम्बन्धित टिप्पणीहरुका साथै अध्ययन गर्दा वासलातले कम्पनीको आषाढ ३१, २०७३ (जुलाई १५, २०१६) को आर्थिक अवस्था, नाफा-नोक्सान हिसावले उक्त मितिमा समाप्त वर्षको संचालन नतिजा, तथा नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरणले उक्त मितिमा समाप्त वर्षको नगद प्रवाह तथा इक्विटीमा भएको परिवर्तनको उचित तथा यथार्थ स्थिति चित्रण गर्दछ र यी विवरणहरु नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाबाट जारी नेपाल लेखामान, लेखाको सर्वमान्य सिद्धान्त तथा प्रचलन अनूसार र कम्पनी ऐन २०६३ को निर्देशन अनूसार ठिकसंग तयार गरिएका छन् ।

### ५. अन्य कानुनी तथा नियमनकारी निकायको आवश्यकता माथीको हाम्रो प्रतिवेदन

माथि उल्लेखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखा परीक्षण तथा हामीले पाएसम्मको सूचना एवं हामीलाई दिइएको स्पष्टीकरणको आधारमा निम्नानूसारको थप प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षणको लागी आवश्यक ठानेका सबै सुचना तथा स्पष्टीकरणहरू यथासिघ्र पायौं ।

ख) हाम्रो विचारमा कम्पनीले आफ्नो हिसाब किताब प्रचलित कानून अनूसार ठीकसंग राखेको छ ।

ग) यस प्रतिवेदनसंग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण कम्पनीले राखेको लेखासंग दुरुस्त रहेका छन् र यी विवरणहरु कम्पनी ऐन २०६३ बमोजिम तयार भएका छन् ।

घ) कम्पनीले गरेको कारोवार त्यसको अख्तियारी भित्र रहेको र यी कारोवार सन्तोषजनक रुपमा भएको देखिन्छ ।

ङ) कम्पनीको संचालक समिति वा कुनै संचालक वा कम्पनीको कुनै कर्मचारीले लेखा सम्वन्धि कुनै ऐन कानुन बिरुद्ध काम गरेको वा कम्पनीलाई कुनै हानी नोक्सानी वा बेहिसाब गरेको देखिंदैन ।

मिति : २०७३।०७।२२
स्थान : काठमाण्डौ

................................
सि.ए. अशेष राजवाहक
साझेदार
जि.पि.राजवाहक एण्ड कम्पनी (चार्टड एकाउन्टेन्टस्)

## हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा
### २०७३ साल अँषाढ ३१ (जुलाई १५, २०१६) को वासलात

| विवरण | अनुसूची | २०७२।७३ (रु.) | २०७१।७२ (रु.) |
|---|---|---|---|
| **पूजी तथा दायित्व** | | | |
| शेयर पूँजी | १ | ३८,५६,४५,५०० | ३८,५६,४५,५०० |
| संचित नाफा | | १६,३९,०१,३७३ | २८,३१,७३९ |
| सुरक्षित ऋण | | ३,०७,९९,९९९ | ४,९२,०७,९३१ |
| डेफर्ड कर दायित्व | २ | ४,५२,१०,८३८ | ४,६३,८८,९५६ |
| **जम्मा** | | ६२,५५,५७,७११ | ४८,४०,७४,१२६ |
| **सम्पति** | | | |
| स्थिर सम्पतिको परल मुल्य | ३ | ९७५,३३८,३२६ | ९०,८५,४६,८८८ |
| न्यून: संचित ह्रास तथा ह्रास कट्टी | | ४१,६२,५३,५५० | (३७,६९,०१,४८९) |
| **खुद स्थिर सम्पति** | | **५५,९०,८४,७७६** | **५३,१६,४५,३९९** |
| **पूँजीगत कार्य प्रगती** | | **५,४०,५८,५४३** | **१०,३३,१०,४२५** |
| **चालु सम्पति** | | | |
| जिन्सी मौज्दात | ४ | १७,७८,८५,१७३ | २०,३८,५२,९२३ |
| आसामी तथा अन्य प्राप्त हुन बाँकी | ५ | ११,२१,६४,५८६ | १४,४४,४३,६६९ |
| अग्रिम भुक्तानी, पेश्की तथा धरौटी | ६ | ६,४६,५९,८१५ | २,३३,९१,२३७ |
| नगद तथा बैंक मौज्दात | ७ | १,१८,८५,६९४ | ९२,२५९,३३२ |
| **जम्मा चालु सम्पति** | | **३६,६५,९५,२६८** | **४६,३९,४७,१६१** |
| **न्यून : चालु दायित्व एवं ब्यवस्था** | | | |
| छोटो अबधिको ऋण | ८ | ७,७८,६३,०९८ | १७,२६,०८,४२५ |
| बिबिध साहुहरु | ९ | ८,९४,७८,९५३ | २३,०५,१७,०५७ |
| ग्राहकहरुबाट अग्रिम भुक्तानी तथा भुक्तानी दिन बांकी | १० | ७,३२,१२,७१६ | ११,४४,४४,९०१ |
| ब्यवस्था | ११ | ११,३६,२६,११० | ९,७२,५८,४७६ |
| **जम्मा चालु दायित्व** | | **३५,४१,८०,८७६** | **६१,४८,२८,८५९** |
| **खुद चालु सम्पति** | | १,२४,१४,३९२ | (१५,०८,८१,६९७) |
| विविध खर्च | | – | – |
| **जम्मा** | | ६२,५५,५७,७११ | ४८,४०,७४,१२६ |
| **सम्भाब्य दायित्व** | १२ | १,२८,२०,८५६ | १,२८,२०,८५६ |
| **महत्वपूर्ण लेखा नीति र टिप्पणीहरु** | १८ | | |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

द.
वित्त प्रमुख
मिति : २०७३–०७–२२
काठमाडौ

द.
प्रवन्ध संचालक

द.
अध्यक्ष

द.
सि.ए. अशेष राजबाहाक
साझेदार
जि.पि. राजबाहाक एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

## २०७२ श्रावण १ देखि २०७३ आषाढ ३१ (जुलाई १७, २०१५ देखि जुलाई १५, २०१६) सम्मको नाफा नोक्सान खाता

| विवरण | अनुसूची | २०७२।७३ (रु.) | २०७१।७२ (रु.) |
|---|---|---|---|
| **आम्दानी** | | | |
| संचालन आय | १३ | १,६५,४९,७७,२४३ | १,५२,३६,४६,००० |
| न्यून : संचालन लागत | १४ | (८८,६७,३५,१३१) | (१,०२,९६,८७,७९७) |
| **कुल संचालन नाफा** | | ७६,८२,४२,११२ | ४९,३९,५८,२०३ |
| अन्य आम्दानी | | २,०५,७४,१३१ | ७१,०८,४४६ |
| सम्पत्ति बिक्रीबाट भएको नाफा/(घाटा) | | ६,११३ | १,९३,५५७ |
| बिक्री तथा वितरण खर्चहरु | | (२१८,७८१,७६७) | (२०,२७,८८,८२८) |
| प्रशासनिक खर्चहरु | | (११,००,८०,६८९) | (१०,४६,०२,१९५) |
| बोनसको व्यवस्था | १५ | (३,६१,०१,६८४) | (१,१९,२४,०११) |
| आसामी तथा सापटीहरुको अपलेखन | १६ | – | – |
| प्याकिङ्ग सामग्रीहरुको अपलेखन | | (८७,६९,२८६) | (२७,६९,७३१) |
| **ब्याज तथा ह्रास कट्टी /अपलेखन पूर्वको नाफा** | | ४१,५०,८८,९३० | १७,९१,७५,४४१ |
| ह्रास कट्टी तथा अपलेखन | | (४,१५,१९,१३२) | (३,८९,९६,२४९) |
| अपलेखन (सारिएको खर्च) | | – | (३१,४४,६३२) |
| **ब्याज पूर्वको नाफा** | | ३७,३५,६९,७९८ | १३,७०,३४,५६० |
| बित्तीय लागत | १७ | (१,२५,५२,९५३) | (१,७७,९४,४५३) |
| **आयकर तथा ब्यवस्था पूर्वको नाफा** | | ३६,१०,१६,८४५ | ११,९२,४०,१०७ |
| **आयकरको ब्यवस्था** | | | |
| चालु बर्षको कर | | (११,७१,४४,०२४) | (३,५९,३६,८६२) |
